स्थानीय सरकार

# तारकेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स.: ०८१/८२
च.न.:

मितिः २०८१/१०/२५

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी सूचना

यस तारकेश्वर गाउँपालिका कार्यालयमा लागि तपशिल बमोजिमका पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्युनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस तारकेश्वर गाउँपालिकाको कार्यालयमा यो सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र दरखास्त पेश गर्नुपर्ने छ।

तपशिलः

| क्र.सं. | विज्ञापन नं | पद | श्रेणी /तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११-२०८१/८२ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ | |
| २ | १२-२०८१/८२ | अ.न.मी | स्थानीय सेवाको सहायक चौथो तह सरह | १ | |
| ३ | १३-२०८१/८२ | अ.हे.व. | स्थानीय सेवाको सहायक चौथो तह सरह | १ | |

- <u>आवेदकको उमेर हदः</u>
  १. रोजगार सहायक (सहायक पाचौं सरह) पदको लागि दरखास्त पेश गर्ने अन्तिम मितिमा १८ वर्ष पुरा गरि ४५ वर्ष ननाघेको,
  २. अ.न.मी र अ.हे.व. पदको लागि दरखास्त पेश गर्ने अन्तिम मितिमा १८ वर्ष पुरा गरि ४५ वर्ष ननाघेको,
- <u>आवश्यक न्युनतम योग्यता र अनुभव</u>
  क) रोजगार सहायक पदको लागि –
  १. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण।
  २. आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तीमा तीन(३) महिना तालिम प्राप्त गरेको
  ख) अ.हे.व. पदको लागि – नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए कोर्ष वा सो सरह उतीर्ण
  ग) अ.न.मी. पदको लागि – नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट ए.एन.एम/अ.न.मी. कोर्ष वा सो सरह उतीर्ण।
- दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातः शैक्षिक योग्यताको र चारित्रिक प्रमाण पत्र को प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, तालिम, अनुभवको प्रमाण पत्र( उपलब्ध भएमा) प्रतिलिपि, व्यवसाय अनुमती प्रमाणपत्रको प्रतिलिपि, प्रचलित कानुन अनुसार काउन्सिल वा परिषद वा अन्य दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि। साथै आवेदन म्याद सकिएपछि प्राप्त भएका वा रितपुर्वक नआएको आवेदन उपर कारवाही हुने छैन।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

स्थानीय सरकार
# तारकेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स.: ०८१/८२
च.न.:

- **दरखास्त दिने स्थानः** तारकेश्वर गाउँकार्यपालिकाको कार्यालय, तारकेश्वर गाउँपालिका-१, दाङसिङ, नुवाकोट। साथै ईमेल मार्फत दरखास्त दिनेहरुले यस गाउँपालिकाको Website: www.tarakeshwormunnuwakot.gov.np बाट दरखास्त फारम Download गरी सम्पुर्ण विवरण भरेर यस गाउँपालिकाको हिमालयन बैङ्क लि. तारकेश्वर शाखामा रहेको तारकेश्वर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा दरखास्त दस्तुर जम्मा गरेको रसिद सहित सम्पूर्ण आवश्यक कागजपत्रहरु स्क्यान गरी ittarakeshwormun@gmail.com मा Email पठाउन सकिनेछ। दरखास्त दिने म्याद भन्दा पछि जम्मा गरिएको दरखास्त दस्तुरको रसिद मान्य हुने छैन र कार्यालयले त्यस किसिमको दस्तुर वापतको रकम फिर्ता गर्न बाध्य हुने छैन। साथै ईमेल मार्फत दरखास्त पेश गर्ने उमेद्वार हरुले परिक्षाको समयमा सम्पुर्ण कागजातहरुको सक्कल सहित उपस्थित हुनुपर्नेछ।
- **दरखास्त दिने अन्तिम मितिः** २०८१/११/०९ गते कार्यालय समय सम्म।
- **दरखास्त दस्तुरः** आवेदकले आवेदन दिने पद अनुसार तपशिल बमोजिम दरखास्त दस्तुर वापत रकम यस गाउँपालिका कार्यालयको हिमालयन बैङ्क लि. तारकेश्वर शाखामा रहेको तारकेश्वर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा जम्मा गरि सक्कल रसिद सहित आवेदन पेश गर्नु पर्नेछ। ईमेल मार्फत दरखास्त दिनेहरुले परिक्षा दिन आउँदा सक्कल रसिद ल्याउनु पर्नेछ। दरखास्त दिने म्याद भन्दा पछि जम्मा गरिएको दरखास्त दस्तुरको रसिद मान्य हुने छैन र कार्यालयले त्यस किसिमको दस्तुर वापतको रकम फिर्ता गर्न बाध्य हुने छैन।

| पद | आवेदन दस्तुर |
|---|---|
| रोजगार सहायक | रु.५०० |
| अ.न.मी | रु.४०० |
| अ.हे.व. | रु.४०० |

- **परिक्षाको किसिमः**
  - रोजगार सहायकपदको हकमा प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित र प्रयोगात्मक परिक्षा,
  - अ.हे.व. र अ.न.मी. पदको हकमा लिखित र अन्तरवार्ता परिक्षा,
- **आवेदन साथ संलग्न हुनुपर्ने कागजातः** निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, कामको अनुभव भए सोको विवरण खुलेका प्रमाणित कागजातहरुको प्रतिलिपि।

सिर्जना अर्याल
प्रमुख प्रशासकीय अधिकृत

*Website : www.tarakeshwormunnuwakot.gov.np* **Email : ittarakeshwormun@gmail.com** **Phone: 010630001-630002**
वेबसाइट : www.tarakeshwormunnuwakot.gov.np इमेलः ittarakeshwormun@gmail.com फोन नं. : ०१०६३०००१-६३०००२

CamScanner